**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २५ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- मुख्यमन्त्री ममता बेनर्जीले जलपाईगुडीको मैनागुडी ,डावग्राम -फुलबारी र दार्जीलिंग जिल्लाको नक्सालबारीमा आज तीनवटा चुनावी रैलीहरुलाई सम्बोधित गर्दै पार्टीको चुनाउ प्रचार अभियानको थालनी गर्नुभयो I

- भाजपाका रास्ट्रीय अध्यक्ष नितिन नबिनले आज कोलकातामा राज्य भाजपा चुनाउ प्रबन्धन टोली र मोर्चा प्रमुखहरुसित महत्वपूर्ण बैठकहरु गर्नुभयो I

- कलकत्ता उच्च न्यायालयको एक संयुक्त पीठले आज निर्वाचन आयोगलाई आगामी पश्चिम बङ्गाल विधानसभा चुनावका लागि सबै मतदान केन्द्रहरूमा पर्याप्त सुरक्षा व्यवस्थाका साथै मतदाताहरूका लागि पर्याप्त सुरक्षा व्यवस्था, पिउने पानी र अन्य आधारभूत सुविधाहरूको व्यवस्था गर्न निर्देश दिएको छ।

- केन्द्रीय मन्त्रिमण्डलले आज क्षेत्रीय कनेक्टिभिटी योजना – संशोधित उड़ान योजनालाई स्वीकृति दिएको छ।

- मौसम विभागले पश्चिम बङ्गालमा शुक्रबारदेखि राज्यमा मेघगर्जन र वर्षाको सम्भावना व्यक्त गरेको छ ।

**<u>ममता ब्यानर्जी र्याली</u>**

मुख्यमन्त्री ममता ब्यानर्जीले आज जलपाईगढी र दार्जीलिघङ जिल्लामा तीनवटा चुनावी र्यालीलाई सम्बोधन गर्नु भयो। जलपाईगढी जिल्लाको मैनागढी अनि डाबग्राम- फुलबारी तथा दार्जीलिङ जिल्लाको नक्सलबाडीमा चुनावी र्यालीलाई सम्बोधन गर्नु भयो। यसका साथै टीएमसीको चुनाव र्यालीहरूको उहाँले शुरूवात गर्नु भएको छ। जलपाईगढीमा पार्टी उम्मेद्वार राम मोहन रायको पक्षमा आफ्नो सम्बोधनमा उहाँले भाजपा र चुनाव आयोगमाथि कडा हमला गर्नु भयो। उहाँले विगतका वर्षहरूमा उहाँको सरकारले थालेको योजनाहरू साथै उत्तर बंगालमा गरिएका विकास कार्यहरूको उल्लेख गर्नु भयो। उहाँले राज्यमा एनआरसी लगाउने भाजपाको चालएभाजपा शासनमा महंगाई र बेरोजगारीको मुद्दा चुनावमा प्रमुखता साथ उठाईने पनि भन्नु भयो। एसआईआर मा धैरै मतदाताहरूको नाम काटिएकोमा उहाँले धैरै असन्तोष व्यक्त गर्नु भयो। अवश्यक बस्तुहरू जस्तै पेट्रोल डिजलए एलपीजीको संकटबारे भाजपालाई दोषी ठहर्याउनु भयो।

**<u>कलकत्ता उच्च न्यायालय - पश्चिम बंगाल विधानसभा चुनाव</u>**

कलकत्ता उच्च न्यायालय को एक संयुक्त पीठले आज निर्वाचन आयोगलाई आगामी पश्चिम बङ्गाल विधानसभा चुनावका लागि सबै मतदान केन्द्रहरूमा पर्याप्त सुरक्षा व्यवस्थाका साथै मतदाताहरूका लागि पर्याप्त सुरक्षा व्यवस्था, पिउने पानी र अन्य आधारभूत सुविधाहरूको व्यवस्था गर्न निर्देश दिएको छ। मुख्य न्यायाधीश सुजय पल र न्यायाधीश पार्थ सारथी सेनको संयुक्त पीठले पश्चिम बंगालका भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष तथा राज्यसभा सदस्य शमिक भट्टाचार्यले दर्ता गरेको जनहित याचिकाको सुनुवाई गर्दै यस्तो निर्देश दिएको हो । याचिकामा आगामी चुनावमा एक सय प्रतिशत बुथ-स्तरीय सुरक्षा सुनिश्चित गर्न माग गरिएको थियो। तर, न्यायालयले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी केन्द्रीय एजेन्सीलाई दिने वा राज्यको निकायलाई दिने भन्ने निर्णय गर्ने अधिकार याचिकाकर्तालाई नभएको स्पष्ट पारेको छ । यस सम्बन्धमा अन्तिम निर्णय निर्वाचन

आयोगले गर्नेछ। न्यायालयले मतदान केन्द्रमा आउने मतदाताले पिउने पानी जस्ता आधारभूत सुविधा पाऊन् र त्यहाँ पर्याप्त सुरक्षा व्यवस्था गरियोस् भन्ने सुनिश्चित गर्न चाहेको बताएको छ। सुनुवाइका क्रममा न्यायालयले स्वतन्त्र, निष्पक्ष र हिंसारहित चुनाउ गराउने जिम्मेवारी निर्वाचन आयोगको मात्र होइन, राज्य सरकारको पनि हो भन्ने प्रश्न उठाएको छ। २९४ सदस्यीय पश्चिम बंगाल विधानसभाका लागि दुई चरणमा २३ अप्रेल र २९ अप्रेलमा मतदान हुँदैछ। पहिलो चरणमा १५२ र दोस्रो चरणमा १४२ सिटमा मतदान हुँदैछ। निर्वाचन आयोगले हालै कर्मचारी र पुलिस अधिकारीहरूको सरुवा र प्रतिनियुक्ति आदेशलाई चुनौती दिँदै दर्ता गरेको अर्को जनहित याचिकाको पनि सोही पीठमा सुनुवाइ हुने भएको छ।

**<u>केंद्रीय मंत्रिमंडल - क्षेत्रीय कनेक्टिविटी योजना - संशोधित उड़ान योजना</u>**

केन्द्रीय मन्त्रिमण्डलले आज क्षेत्रीय कनेक्टिभिटी योजना – संशोधित उड़ान योजना को बर्ष 2026-27 देखिबर्ष 2035-36 सम्म दस वर्षको अवधिको लागि कुल 28 हजार 8सय 40 करोड रूपियाको कुल परिब्याय को साथमा शुरु गर्ने र लागु गर्नको निम्ति स्वीकृति दिएको छ। नयाँ दिल्लीमा मन्त्रिमण्डलको बैठकपछि पत्रकारहरूलाई जानकारी दिनुहुदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले क्षेत्रीय सम्पर्कलाई बढावा दिन अहिलेसम्म हवाई अड्डा नभएका ठाउँहरूमा १०० विमानस्थलहरू विकास गरिने बताउनु भयो।यसले कम सेवा भएको तथा सेवा नपुगेका क्षेत्रमा क्षेत्रीय हवाई सम्पर्कमा सुधार ल्याउनेछ। यसले दोस्रो र तेस्रो श्रेणीका शहरहरूमा आर्थिक विकास , व्यापार र पर्यटनलाई बढावा दिनेछ र आम नागरिकहरूका लागि सस्तो हवाई यात्राको सुविधा दिनेछ। यसले दुर्गम र हिमाली क्षेत्रहरूमा आपतकालीन प्रतिक्रिया र स्वास्थ्य सेवामा पहुँच सुधार गर्नेछ र क्षेत्रीय हवाई अड्डाहरू र एयरलाइन अपरेटरहरूको लागि अधिक व्यवहार्यता र स्थिरता सुनिश्चित गर्नेछ।

**<u>केंद्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, - राज्यसभा</u>**

केन्द्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, २०२६ आज राज्यसभामा पेश गरियो। उक्त विधेयक गृह राज्यमन्त्री नित्यानन्द राईले प्रस्तुत गर्नुभयो । यस विधेयकको उद्देश्य केन्द्रीय सशस्त्र पुलिस बलमा समूह ए जनरल ड्युटी अधिकारीहरु र अन्य अधिकारीहरूको भर्ती र सेवा सर्तहरू सम्बन्धी सामान्य नियमहरूलाई नियमन गर्नु हो। महानिरीक्षकको पदको ५० प्रतिशत, अतिरिक्त महानिदेशकको पदको कम्तीमा ६७ प्रतिशत र विशेष महानिदेशक र महानिदेशकको पदमा भारतीय पुलिस सेवाका सबै पदपूर्ति गर्ने व्यवस्था गरिएको छ। विधेयकमा भनिएको छ- हालैका वर्षहरूमा, एक व्यापक कानूनको अभावमा, नियामक प्रावधानहरू खण्डित रूपमा विकसित भएका छन्। यसको परिणाम स्वरूप सेवा सम्बन्धि मामिलाहरु माथी कतिपय मुद्धाहरु भएको छ जसले केही कार्यात्मक र प्रशासनिक कठिनाइहरू उत्पन्न भएको छ।

**<u>सरकार - भारत एआई मिशन</u>**

सरकारले इन्डिया एआई मिशन अन्तर्गत १९० परियोजनाहरु स्वीकृत भएको जानकारी दिएको छ। यीमध्ये ७८ परियोजनाहरू सरकारी संस्थाहरू, ४६ स्टार्टअप र एमएसएमईका र २७ शोधकर्ताहरु वा शैक्षिक संस्थाहरूका हुन्। इलेक्ट्रोनिक्स एवम् सूचना प्रौद्योगिकी राज्यमन्त्री श्री जितिन प्रसादले आज लोकसभामा एक प्रश्नको लिखित जवाफमा यो जानकारी दिनुभयो। उहाले जानकारी दिई भन्नुभयो - सरकारले देशमा समग्र एआई पारिस्थितिकी तंत्र विकासका लागि १० हजार ३सय ७२ करोड रुपियाँको लागतमा इन्डिया एआई मिशन सुरु गरेको छ।

**<u>सरकार -कच्चा तेल</u>**

सरकारले देशसँग २६ करोड टन कच्चा तेललाई परिष्कृत गर्ने क्षमता रहेको बताउँदै नागरिकहरूलाई अफवाहहरूमा विश्वास नगर्न र आत्तिएर किनमेल नगर्न आग्रह गरेको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिव सुजाता शर्माले पश्चिम एसियाका ताजा घटनाक्रमबारे आज नयाँ दिल्लीमा जानकारी दिँनुहुदै पेट्रोल–डिजेलको मूल्य वृद्धि हुने हल्ला बीच उहाले पेट्रोल–डिजेलको मूल्यमा कुनै वृद्धि नभएको बताउनु भयो । पीएनजी विस्तारको बारेमा बताउनुहुदै उहाले भन्नुभयो - सरकारले यसमा ध्यान केन्द्रित गरिरहेको छ र हिजो यस सम्बन्धमा एक गजट अधिसूचना जारी गर्यो, जसको मुख्य उद्देश्य सबै राज्यहरूमा पीएनजी जडानसँग सम्बन्धित आवेदन शुल्क र अनुमोदनको समयसीमा सुव्यवस्थित गर्नु हो। उहाले अझ भन्नुभयो - पछिल्लो

लगभग 25 दिनमा लगभग अडाई  लाख नयाँ कनेक्शनहरू प्रदान गरिएको छ। यसबाहेक, लगभग २.२ लाख उपभोक्ताहरू एलपीजीबाट पीएनजीमा सरेका छन्।

**भाजपा -खर्सांग -कार्यालय -उद्घाटन**

भारतीय जनता पार्टीका खरसाङ विधानसभा समष्टिका उम्मेद्वार सोनाम लामाको पक्षमा आज खरसाङमा चुनाव कार्यालयको  उदघाटन गरिएको छ। खरसाङको धोबीखोला क्षेत्रमा उक्त कार्यालयको  उदघाटन दार्जिलिङका सांसद राजु विष्ट,भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा, खरसाङको भाजपा उम्मेदवार सोनाम लामा आदिको बाहुलीबाट विधिवत् गरियो ।  चुनाव कार्यालय उदघाटनपछि सांसद राजु विष्टले उपस्थित जनसमुहलाई सम्बोधन गरेपछि पत्रकारहरुसित कुराकानी गर्दै -राज्यमा भाजपा सरकार गठन भएपछि ६ महिनाभित्र गोर्खाहरुको स्थायी समाधान हुने बताउनु भयो।उद्घाटन कार्यक्रममा उम्मेदवार सोनाम लामा लगायत भाजपाका अन्य  पदाधिकारीहरु उपस्थित थिए। उक्त कार्यालय उदघाटन कार्यक्रममा भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले सम्बोधन गर्नुभयो I उक्त चुनावी कार्यालय उदघाटन कार्यक्रमपछि उम्मेदवार सोनाम लामाको पक्षमा खरसाङको धोबीखोला क्षेत्रदेखि पथयात्रा आयोजना गर्दै खरसाङको मोटर स्ट्याण्ड हुँदै हिर्ट कार्ट रोड भएर सभा स्थलसम्म पुगेका थिए । संसद राजु बिस्टले चुनाउ अभियानलाई सम्बोधन गर्नुहुदै चिया बगान-सिंकोना बगानका  श्रमिकहरू, वन बस्ती, र डीआई फण्ड भूमिका निवासीहरूलाई पर्जापट्टा अधिकार प्राप्त हुने तथा  भारतीय जनता पार्टी-ले चिया अनि सिंकोना बगानहरूमा काम गर्ने श्रमिकहरुका  लागि उत्कृष्ट ज्याला सुनिश्चित गर्ने बताउनु भयो Iउहाले भन्नुभयो -भारतीय जनता पार्टी क्षेत्रमा आई.आई.टी, एन.आई.टी, आई.आई.एम, ए.आई.आई.एम.एस, र केन्द्रीय विश्वविद्यालय जस्ता शीर्ष संस्थानहरू स्थापना गर्न प्रतिबद्ध छ ।

**पश्चिम बंगाल भाजपा अध्यक्ष शमिक भट्टाचार्य**

पश्चिम बंगालका भाजपा अध्यक्ष शमिक भट्टाचार्यले आज  राज्यको अर्थव्यवस्थालाई लिएर तृणमूल सरकारमाथि प्रहार गर्नुहुदै  राज्यमा शक्ति परिवर्तनको आह्वान गर्नुभएको छ I  सामाजिक सञ्जाल प्लेटफर्म 'एक्स' मा आफ्नो पोस्टमा उहाले दाबी गर्दै भन्नुभएको छ - सरकारी रिपोर्टले बंगालको अर्थव्यवस्थाको वास्तविक नक्सा  बाहिर ल्याइरहेको छ। श्री भट्टाचार्यका अनुसार पछिल्लो पाँच वर्षमा रिटर्न फाइल गर्ने कम्पनीहरूको संख्या लगभग  ९६,हजार बाट बढेर १.२२ लाख पुगेको छ, जसले मानिसहरू बढ्न र व्यवसाय गर्न चाहन्छन् भन्ने देखाउँछ।यद्यपि उहाले यो पनि भन्नुभयो -बर्ष  २०२१-२२ मा ९ हजार ३ सय ३८ कम्पनीहरू बन्द भएका थिए, जबकि लगभग ७८,हजार  कम्पनीहरू अझै पनि 'स्ट्राइक अफ' छन्। उहा  अनुसार यो बन्द भएका उद्योगहरू मात्र होइन, भत्किएका सपनाहरू, गुमेको रोजगार र रोकिएका प्रयासहरूको कथा हो।श्री भट्टाचार्यले नीतिगत अस्थिरता, सिन्डिकेटको प्रभाव, सुरक्षाको अभाव र पारदर्शिताको कमीका कारण उद्योगहरुका लागि अनुकूल वातावरण बन्न नसकेको आरोप लगाउनु भयो  । नाफा कमाउने कम्पनीको संख्या बढ्दै गए पनि बाँच्नका लागि आवश्यक परिवेशको अभाव रहेको श्री भट्टाचार्यले बताउनुभयो  । उहाले अझ भन्नुभयो - बङ्गालका युवाहरू अवसर चाहन्छन् र उद्यमीहरूलाई विश्वस्त परिवेश  चाहिन्छ। यस्तो अवस्थामा राज्यको स्थितिमा परिवर्तन समयको आवश्यकता हो र बंगालको राम्रो भविष्यका लागि परिवर्तन आवश्यक छ ।

**चुनाव आयोग -पश्चिम बंगाल - स्थिति वेबसाइट**

निर्वाचन आयोगले पश्चिम बङ्गाल मतदाताहरुको स्थिति  वेबसाइटलाई केही समयदेखि  विवादित  देखिएको  तकनिकी गडबडीको कारणहरूको जाच  गरिरहेको छ। एक अधिकारीले आज  यो जानकारी दिएका हुन् । मंगलबार राति मतदाताहरूले निर्वाचन आयोगको वेबसाइटमा उनीहरूको मतदाता फोटो परिचयपत्र संख्याको माध्यमबाट उनीहरूको जानकारी जाँच गरिरहेका बेला समस्या बाहिर आयो। त्यस समयमा धेरै मतदाताहरूको स्थिति विवादित देखिन्थ्यो, जबकि उनीहरूको नाम पहिले नै अन्तिम मतदाता सूचीमा समावेश गरिएको थियो। यो समस्या मंगलबार राति प्रकाशमा आएको र सम्भवतः सर्भर वा ब्याकइन्ड प्रणालीमा तकनिकी  त्रुटिका कारण भएको हुन सक्ने एक अधिकारीले बताएका छन् । अहिले यसलाई सच्याइएको छ र कारणहरूको जाच भइरहेको छ। निर्वाचन आयोगले सोमबार राति पहिलो पूरक मतदाता नामावली सार्वजनिक गरेको २४ घण्टामै उक्त गडबढी प्रकाशमा  आएका थिए  ।

**आसनसोल नगर निगम - बोर्ड बैठक**

आसनसोल नगर निगममा यस महिनाको बोर्ड बैठक आज सम्पन्न भयो । बैठकमा निगमका अध्यक्ष अमरनाथ चटर्जी, उपमेयर वसीम-उल-हक, एमएमआईसी गुरदास चटर्जी, बरो अध्यक्ष र विभिन्न वार्डका पार्षदहरू उपस्थित थिए। बैठकमा नगर निगम क्षेत्रमा नागरिक सुविधाहरूको सहज मर्मतसम्भारको बारेमा विस्तृत चर्चा भएको थियो। तर, चुनावी परिवेश र आचारसंहिता कार्यान्वयनका कारण यसपटक कुनै नयाँ निर्णय हुन सकेको छैन । पत्रकारहरुसँग बातचीत गर्नुहुदै अध्यक्ष अमरनाथ चटर्जीले निर्वाचन आचारसंहिता लागू भएका कारण बोर्ड बैठकमा कुनै नयाँ योजना वा निर्णय नलिइएकोले विपक्षीमाथि प्रश्न उठ्न सक्ने बताउनु भयो । विद्यमान बुनियादी ढाचालाई कसरी राम्रोसँग सञ्चालन गर्न सकिन्छ भन्ने बिषयमा बैठकको मुख्य बिषय रहेको उहाले बताउनु भयो ।

**छोटा पुबोङ- राम लला मन्दिर**

छोटा पुबोङ शान्ति परिवारको पहलमा नव–निर्मित राम लला मन्दिरमा आज पूर्ण विधिविधानका साथ भगवान रामको मूर्तिको प्राण प्रतिष्ठा सम्पन्न गरियो। उक्त अनुष्ठान पूजा–आराधना गरी सम्पन्न गरिएको थियो।कार्यक्रममा छोटा पुबोङ लगायत विभिन्न स्थानबाट आएका भक्तजनहरूको बाक्लो उपस्थिति रहेको थियो। भोलि अनि पर्सि रामनवमीको अवसरमा पूजा, भजन तथा होम आदि कार्यक्रमहरू आयोजना गरिने बताइएको छ। यसरीनै पेशोकमा तीन दिवसीय चैत्र नवरात्री पुजा आज देखि शुरु भएको छ ।

**मौसम**

पश्चिम बंगालको मौसममा फेरि परिवर्तन हुने भएको छ । मौसम विभागले शुक्रबारदेखि राज्यमा मेघगर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ । दक्षिण बंगालका धेरै जिल्लाहरूमा कालबैसाखीसँगै तिब्र हावा र असिना पर्ने सम्भावना छ। मौसम विभागका अनुसार आज र भोलि उत्तर र दक्षिण बङ्गालमा वर्षाको सम्भावना कम रहेको छ, तर सप्ताहको अन्तसम्म मौसमको ढाँचा पूर्ण रूपमा परिवर्तन हुनेछ। यस्तो अवस्थामा मानिसहरुलाई सतर्क रहन र आवश्यक सावधानी अपनाउन सल्लाह दिइएको छ । मौसम विभागले शुक्रबार र शनिबार सबै जिल्लामा मेघ गर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ ।

**********